स्थानीय सरकार

# गंगाजमुना गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

(कृषि विकास शाखा)

फुलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या :०७७/७८

च.न.:

---

**<u>साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्यक्रम सम्बन्धी सूचना।</u>**

**<u>दोस्रो पटक प्रकाशित मिति : २०७७/९/१</u>**

आ. व. २०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना,गंगाजमुना गाउँपालिकाअन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नका लागि प्रथम पटक मिति २०७७/०७/२१मा सूचना प्रकाशन गरेकोमा वडा न.३, ४ र ७ बाट आबेदन पेश हुन नआएको भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/ कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ५ औ दिन भित्र अर्थात् (मिति २०७७/०९/०५ गते भित्र) यस गंगाजमुना गाउँपालिकामा तोकिएको ढांचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस बिषयमा थप जानकारीका लागि गंगाजमुना गाउँपालिका कार्यालयको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

(क) पकेटका कार्यक्षेत्र: गंगाजमुना गाउँपालिकाको बाँकि ३ वटा वडाहरु

(ख) कार्यक्रमहरु:

| वडा नं. | पकेट कार्यक्रम | पकेटको लागि आवश्यक क्षेत्रफल (रोपनीमा) |
|---|---|---|
| ३ | कफी खेती | १०० |
| ४ | अदुवा खेती | १०० |
| ७ | मकै खेती | २०० |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

(१) सम्बन्धित निकायमा कृषि समूह/ सहकारी संस्था/ समिति/ कृषि फर्म दर्ता तथा नवीकरण भएकोप्रमाणपत्रको प्रतिलिपि

(२) कार्यक्रम संचालन हुने स्थान (जग्गा/ जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा५बर्षको सम्झोतानामा

(३) निवेदकको नागरिकता वा परिचयपत्र खुल्ने प्रमाणपत्रको प्रतिलिपि

(४) कार्यसमितिको निर्णयको प्रतिलिपि

नोट. रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएको निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना बाट जानकारी गराईन्छ।

थप जानकारी को लागि कृषि शाखा प्रमुख श्री निरज मिश्र, सम्पर्क न. ९८४३६५००६०

निरज मिश्र
कृषिविकास अधिकृत

**निरज मिश्र**
**कृषि विकास अधिकृत**



Scanned with CamScanner